१०८५।६५०

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३१५/२०७०/०७१

निर्णय नं. ६९७

महोत्तरी जिल्ला, सुन्दरपूर गा.वि.स. वडा नं. ४ बस्ने राज किशोर शाह ........................१ उजुरीकर्ता

विरूद्ध

सचिव, सुन्दरपुर गाउँ विकास समितिको कार्यालय, महोत्तरी ..........................................१ प्रत्यर्थी

विषय :- सूचना दिनु भनिएकोमा पाईंन भन्न नआएकोले तामेलीमा राख्ने ।

महोत्तरी जिल्ला, सुन्दरपूर गा.वि.स. वडा नं. ४ बस्ने राज किशोर शाहले सुन्दरपुर गाउँ विकास समितिको कार्यालय, महोत्तरीले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरको निवेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७१।०२।२२ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न सुन्दरपुर गाउँ विकास समितिको कार्यालय, महोत्तरीलाई यस आयोगबाट क्रमश: मिति २०७१।०२।२२ च.नं. १०४४, २०७१।११।२८ च.नं. ७०१ र २०७२।०४।२८ च.नं. ३३ को पत्रबाट आदेश कार्यान्वयनको लागि पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईंन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईंन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत निवेदन तामेलीमा राखिएको छ । प्रस्तुत निवेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्